# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत ३० गते २०४८ साल (अतिरिक्ताङ्क ७३

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कर्मचारी संचय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : कर्मचारी संचय कोष ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कर्मचारी संचय कोष (सातौं संशोधन) ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. कर्मचारी संचय कोष ऐन, २०१९ को दफा १५ मा संशोधन : कर्मचारी संचय कोष ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १५ को उपदफा (७) झिकिएको छ।

३. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन् :-

"(ग१) बैंक र वित्तिय संस्थाको शेयरमा लगानी गर्ने,

तर यस प्रकार शेयरमा लगानी गर्दा त्यस्तो बैंक वा वित्तिय संस्थाको निष्काशित पूंजीको पच्चीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ।

(ग२) कोषले उपयुक्त ठहऱ्याएमा आवश्यकतानुसार सामुहिक लगानी (कंसोरटियम फाइनानसिङ्ग) मा लगानी गर्ने,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. <u>मूल ऐनको दफा २० मा संशोधन</u> : मूल ऐनको दफा २० को खण्ड (ग) मा रहेका "खण्ड (च२)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग१), (ग२) र (च२)" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मूल ऐनको दफा ३० मा संशोधन</u> : मूल ऐनको दफा ३० को खण्ड (च) झिकिएको छ।

लालमोहर सदर मिति :– २०४८।१२।३०।१

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।